## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/५/१२ गते शुक्रवार देखि २०६६/५/१७ गते वुधवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४३७४ कारोबारबाट ३४ करोड ५४ लाख ३३ हजार रुपैयाँ बराबरका ४ लाख ६६ हजार ३ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३२.६३ प्रतिशतले ह्रास भएको हो । गत साता ५८२० शेयर कारोबारबाट ५१ करोड २७ लाख २२ हजार रुपैयाँ बराबरका ६ लाख ८८ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र २३ करोड ४० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६७.७५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १०.७५ अंकले ह्रास भई अन्तिम दिन ६६०.४० विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६९२.६६ | ४३४.८९ | ३६६.८५ | ६५४.४२ | ८७२.७४ | २८१.७८ | ६४१.१० | ६६२.८८ | ६९९.३० | ६७१.१५ | १७६.९७ | ६४.७९ |
| दोस्रो | ६७९.४० | ४३३.९४ | ३६६.८५ | ६४६.१९ | ८५४.६२ | २८१.७८ | ६४०.९२ | ६५८.२३ | ६९५.४४ | ६६१.०३ | १७३.६९ | ६३.७९ |
| तेस्रो | ६६७.८१ | ४३३.९४ | ३६६.८५ | ६५२.०७ | ८५८.९३ | २८१.७८ | ६३९.९८ | ६५०.६७ | ६८८.४३ | ६५४.६३ | १७१.२२ | ६२.९२ |
| चौथो | ६७९.६९ | ४३३.९४ | ३६६.८५ | ६४६.१९ | ८५६.७२ | २८१.७८ | ६३६.४८ | ६५३.५७ | ६९०.१३ | ६६०.४० | १७३.६२ | ६३.६७ |
| परिवर्तन | -१२.९७ | -०.९५ | ०.०० | -८.२३ | -१६.०२ | ०.०० | -४.६२ | -९.३१ | -९.१७ | -१०.७५ | -३.३५ | -१.१२ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.३५ अंकले ह्रास भई १७३.६२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ६२ लाख रुपैयाँ) को आधारमा बैंक अफ काठमाण्डू, शेयर संख्या (३१ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (४४६ वटा) को आधारमा बैंक अफ एशिया नेपाल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू | ३६.२२ |
| २ | नबिल बैंक | ३५.२५ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३४.९८ |
| ४ | आइएमई फाइनान्स | १९.४६ |
| ५ | नेपाल एसविआई वैंक | १८.५३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | नेपाल डेभलपमेण्ट एण्ड इम्पलाइमेन्ट प्रमोशन बैंक | हकप्रद | १५६५९७० कित्ता |
| २ | सिद्धार्थ बैंक | वोनस | १२४२००० कित्ता |
| ३ | डिसिविएल बैंक | हकप्रद | ५५३७२८० कित्ता |
| ४ | प्रिमियर फाइनान्स | वोनस | ८०७८४ कित्ता |